# विराटनगर महानगरपालिका

बैठक संख्याः ९८
मितिः २०७८/०४/२९

बैठक प्रारम्भः दिउँसो १:०० बजे
बैठक स्थगनः दिउँसो ३:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०४/२९ गते बसेको बैठकको एजेन्डा र निर्णयहरूः

| क.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| १ | बिराट राजा दरबारको गुरुयोजना स्वीकृत सम्बन्धमा। | परामर्शदाता संस्था I.D.I. P.Ltd., काठमाण्डौले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गरी प्राप्त राय-सुझावलाई समेत समेटेर पेश गरेको विराटनगर महानगरपालिका वडा नं. १८, भेडियारी क्षेत्र स्थित पुरातात्विक तथा ऐतिहासिक विराट राजाको दरबारको प्रस्तावित गुरुयोजना (Master plan) सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। साथै, सो गुरुयोजना बमोजिमको पूर्वाधार विकास गर्न आवश्यक सहयोगका लागि प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो। |
| २ | छात्रवृत्ति व्यवस्थापन समितिका सदस्य मनोनयन सम्बन्धमा। | नेपाल सरकारले जारी गरेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ बमोजिम प्रदान गरिने छात्रवृत्ति, विशेष व्यवस्था र अवसर प्राप्त गर्ने बालबालिका (विद्यार्थी) को पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्न सोही नियमावलीको नियम ११ मा भएको व्यवस्था बमोजिम खण्ड (क) र (घ) ले तोकेका पदेन सदस्यबाहेक खण्ड (ख) र (ग) बमोजिम देहाय अनुसारका सदस्यहरू मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>१. खण्ड (ख) मा भएको व्यवस्था अनुसार - श्री रमेश साह (वडा सदस्य, वडा नं. १) र श्री झुमा पोखरेल (वडा सदस्य, वडा नं. १२)<br>२. खण्ड (ग) मा भएको व्यवस्था अनुसार - श्री चेतनाथ पोखरेल, विराटनगर-५ |
| ३ | यातायात व्यवस्थापन समितिको संयोजक मनोनयन सम्बन्धमा। | नगरक्षेत्रभित्र सञ्चालन हुने तीन पाङ्ग्रे इ-रिक्सा दर्ता, नवीकरण लगायतको व्यवस्थापन गर्न जारी गरिएको विराटनगर महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि, २०७७ को परिच्छेद-२ को दफा (३) मा भएको व्यवस्था बमोजिम यातायात तथा ट्राफिक व्यवस्थापन समितिको संयोजकमा वडा नं.११ का वडा अध्यक्ष श्री तिर्थेन्द्र न्यौपानेलाई मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | प्रशासनिक जनशक्ति पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा। | नेपाल सरकारले स्थानीय तहमा कर्मचारी व्यवस्थापनका लागि कर्मचारी समायोजन गरिसकेको अवस्था भएता पनि विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा दरबन्दी बमोजिमको प्रशासनिक जनशक्ति पर्याप्त नरहेका कारण कार्यालयको सेवा प्रवाहमा कठिनाई तथा बाधा-अड्चन पैदा भइरहेको हुँदा नेपाल सरकारले तोकेको संघीय राजधानी बाहेकका महानगरपालिकाको संगठन संरचना अनुरुपको दरबन्दी तेरीज अनुसार रिक्त रहेका पदमध्ये प्रशासन सेवा, सामान्य प्रशासन समूहतर्फ अधिकृत छैटौं तहका १२ (बाह्र) जना र प्रशासन सेवा, सामान्य प्रशासन समूहतर्फ सहायक पाँचौ तहका २० (बीस) जना जनशक्ति पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं.१ मार्फत प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १ मा माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ७ | विविध। | (क) बिराटनगर महानगरपालिका वडा नं. ७, वीरेन्द्र सभागृहको दक्षिणमा रहेको इको-फाउन्टेन पार्क सञ्चालनको लागि पटकपटक सार्वजनिक दरभाउपत्र आह्वान गर्दा समेत ठेक्का लाग्न नसकेको हुँदा हाललाई उक्त पार्क यस कार्यालयले नै सञ्चालन गर्नुपर्ने भएकोले प्रति व्यक्ति रू.१० (दश) प्रवेश शुल्क लिने र उक्त पार्कको व्यवस्थापन तथा अनुगमनको जिम्मेवारी ७ नं. वडा समितिले गर्नेगरी उक्त पार्क सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) कोरोना भाइरस (कोभिड-१९) संक्रमणको महामारीलाई मध्यनजर गर्दै नगरक्षेत्रभित्रका संस्थागत विद्यालयहरूले विद्यार्थीहरूलाई वैकल्पिक सिकाईको रुपमा अनलाइनमार्फत पठनपाठनका लागि कक्षा सञ्चालन गरे वापत तोकिएको मासिक शुल्कको पचास प्रतिशत मात्र शिक्षण शुल्क लिन पाउने प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल